नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**एकिकृत परिपत्र-२०७६ को सूचना नं. १ (प्रत्यक्ष वैदेशीक लगानी : पुंजी, ऋण, व्याज तथा लाभांस सम्बन्धी सूचना) को (ख) (आ) लाई देहाय बमोजिम संशोधन गरिएको छ।**

**(आ) नेपाली नागरिक, फर्म तथा संस्थाहरूले विदेशबाट ऋण लिन पाउने सम्बन्धमा :**

नेपाली नागरिक, फर्म तथा संस्थाहरूले आफ्नो व्यवसाय गर्न वा भइरहेको व्यवसाय विस्तार गर्न यस बैंकको पूर्व स्वीकृति लिई विदेशमा रहेका आफ्ना नातेदार, अन्य व्यक्ति, गैर आवासीय नेपाली वा संघ संस्थाबाट देहायका शर्तहरूको अधीनमा रही अमेरिकी डलर १० लाखसम्म र भारतको हकमा १० करोड भारतीय रुपैयाँसम्म ऋण लिन सक्ने व्यवस्था गरिएको छ।

१. निवेदकले हाल गरिरहेको वा गर्ने व्यवसायको किसिम र ऋण उपयोग गर्ने बारे स्पष्ट योजना पेश गर्नु पर्नेछ,
२. यस्तो ऋण विना व्याज वा बढीमा 1 Year LIBOR मा ०.५ प्रतिशत थप गरी हुने व्याजदरसम्ममा लिन सकिनेछ,
३. यस्तो ऋणको भुक्तानी अवधि न्यूनतम ३ वर्षको हुनुपर्नेछ,
४. यस्तो ऋण औपचारिक (बैंकिङ्ग) माध्यमबाट प्राप्त हुनुपर्नेछ,
५. ऋणीले प्राप्त गरेको ऋण समयमै चुक्ता गर्ने आधार निवेदन साथ पेश गर्नु पर्नेछ,
६. प्रचलित कानुन र व्यवस्थाले निषेध गरेका क्षेत्र वा व्यवसाय बाहेकका क्षेत्रमा मात्र यस्तो ऋण लिन पाइने छ,
७. घरजग्गा व्यवसाय (Real Estate) र धितोपत्र कारोबारको लागि यस्तो ऋण उपयोग गर्न पाइने छैन।

भवदीय,

(बम बहादुर मिश्र)
कार्यकारी निर्देशक

जारी मितिः २०७६/११/२९